गोरखापत्र दैनिक १० असार २०७३ शुक्रबार

# सूचना माग्ने काम प्रभावकारी भएन

असार १०/२०७३

※ गोरखापत्र समाचारदाता

काठमाडौं, असार ९ गते। सूचनाको हक संवैधानिक रूपमा सुनिश्चित हुँदासमेत अधिकांश नागरिक सूचनाको हक प्रयोगबारे अनभिज्ञ रहेकाले सूचना माग्ने काम प्रभावकारी हुन नसकेको सरोकारवालाहरूको बुझाइ छ।

प्रेस काउन्सिल नेपाल र राष्ट्रिय सूचना आयोगको संयुक्त आयोजनामा बिहीबार यहाँ भएको सूचनाको हकको कार्यान्वयनमा सञ्चारमाध्यमको भूमिका विषयक अन्तरक्रियामा सरोकारवालाले त्यस्तो बताए। सूचनाको हकबारे जानकारी भएकाहरूले समेत त्यसको प्रयोग व्यवहारमा नगरेको भनाइ आयोगका पदाधिकारीको छ।

सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले सूचनाको हक लोकतन्त्रको प्राणवायु भए पनि त्यसको सही सदुपयोग हुन नसकेको बताउनुभयो। "सूचना माग्ने, प्राप्त गर्ने र प्रवाह गर्ने संवैधानिक अधिकार सुनिश्चित छ तर हामी धेरैले त्यसको सदुपयोग गरेका छैनौँ", प्रमुख आयुक्त बाँस्कोटाले भन्नुभयो।

प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहालले लोकतन्त्रमा मिडियाले पाएको स्वतन्त्रता नै नागरिकको नासो भएकाले सूचनाको हकका विषयमा मिडियाले सकारात्मक भूमिका खेल्नुपर्ने बताउनुभयो। दस्तुर तिरेर सूचना लिनुपर्ने र प्राप्त सूचनाको दुरुपयोग गर्ने प्रवृत्ति दुवै ठीक नभएको भन्दै उहाँले सकेसम्म नागरिकलाई निःशुल्क सूचना दिने प्रावधान मिलाउन सुझाव दिनुभयो। नेपाल पत्रकार महासङ्घका अध्यक्ष डा. महेन्द्र विष्टले संवैधानिक तवरले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित भए पनि समाचार लेखेकै कारण पत्रकारले कुटाइ खाने घटना रोक्न नसकिएको बताउनुभयो।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बोर्णबहादुर कार्कीको सभापतित्वमा भएको कार्यक्रममा सूचना आयोगका आयुक्तहरू यशोदा तिमिल्सिना, किरण पोखरेल, पत्रकार गोविन्द आचार्य, अमृता लम्साल, पदमभक्त खरेल, तीर्थ कोइरालालगायतले सूचनाको हक कार्यान्वयनमा मिडियाको भूमिका महत्त्वपूर्ण रहेको चर्चा गर्नुभएको थियो।